फो.नं. ५६०११८
५६०१२२

टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. : स्वास्थ्य २०८१/०८२
च.नं. : २४८६

मिति :- २०८१।१०।०३

**विषय : पूर्ण खोप सुनिश्चितको लागि घरधुरी सर्भेक्षण गर्ने सम्वन्धमा ।**

श्री सम्पूर्ण स्वास्थ्य संस्थाहरु
टीकापुर नगरपालिका ।

प्रस्तुत बिषयमा विगतका वर्ष झैं यस वर्ष पनि टीकापुर नगरपालिकालाई आगामी वैशाख महिना भित्र पुर्ण खोपयुक्त पालिका सुनिश्चित गर्ने योजना अनुसार पूर्ण खोप सुनिश्चितता निर्देशिका २०७७ (तेश्रो संस्करण) बमोजिम माघ, फाल्गुन र चैत्र महिनामा घरधुरी सर्भेक्षण गर्ने कार्यक्रम लगायत अन्य सबै क्रियाकलापहरु निर्देशिका बमोजिम तपसिल अनुसारको कार्य गर्न गराउन हुन जानकारी गराईन्छ ।

- सम्पूर्ण स्वास्थ्य संस्थाहरुले आफ्नो कार्यक्षेत्रमा स्वास्थ्यकर्मीको प्रत्यक्ष संलग्नतामा वडा तथा स्थानिय तह भित्र जन्मे देखि ५९ महिनासम्मका सम्पुर्ण बालबालिकाहरुको वर्षमा १ पटक (माघ, र फाल्गुन महिनाभित्र) घरधुरी सर्भेक्षण गरी ० देखि १५ महिनासम्मको बालबालिकाले हाल लिइरहेको खोपको सुचि(Line listing) अनुसुची १ मा वडा । खोप केन्द्र अनुसार तयार गरी, र सो अनुसार नियमित खोप रजिष्टरमा विवरण अद्यावधिक गर्नु हुन ।
- सम्वन्धित वडा तथा स्थानियतहले आफ्नो कार्यक्षेत्र भित्र रहेका १६ देखि ५९ (१६ महिना देखि ५ वर्ष भित्रका) महिनाका सबै बालबालिकाले राष्ट्रिय खोप तालिकाअनुसार सबै खोप पुरा गरे नगरेको सुनिश्चित गर्न सबै घरधुरीमा पुर्ण खोप सर्भेक्षण गरी अनुसुची २ अनुसार अभिलेख अध्यावधिक गर्न हुन ।
- घरधुरी सर्भेक्षण कार्य स्वास्थ्यकर्मीको सलग्नतामा स्थानीय राजनितिक दल, स्थानीयतहका पदाधिकारी, स्वास्थ्य संस्था व्यवस्थापन समिति, वडा खोप समन्वय समिति, म. स्वा. स्व. सेवक, आमा समुह, शिक्षक, संघ संस्था, आदिका प्रतिनिधिहरुको सहयोग र अनुगमनमा स्वास्थ्यकर्मीहरुबाट गर्न गराउनहुन अनुरोध छ ।

२०८१।१०।०३
.......................
बल बहादुर रावल
स्वास्थ्य शाखा प्रमुख

**बोधार्थ**

श्री सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय, राजपुर, डोटी ।
श्री स्वास्थ्य कार्यालय, धनगढी, कैलाली
श्री सम्पूर्ण वडा कार्यालयहरु, टीकापुर नगरपालिका ।

CamScanner